# एक घर एक चर्पी बर्दियाको शान, खुला दिसामुक्त जिल्ला हाम्रो पहिचान

## एक घर एक चर्पी निर्माण, स्वस्थ्य समाज बनाउने हाम्रो अभियान

# डेउढाकला गा.वि.स.को सरसफाइ सम्बन्धि आचार संहिता-२०७०

डेउढाकला गा.वि.स. लाई सरसफाइमा सधै नमुना बनाउने महान अभियानमा सबै सहभागी भई आफ्नो र गाउँको ईज्जत, प्रतिष्ठा, आत्मसम्मान तथा गौरव बढाउन र सरसफाई सम्बन्धी बानी व्यवहारलाई संस्कारको रुपमा विकास गर्न निम्न लिखित आचार संहिता बनाई लागु गरिएको छ ।

## सबै डेउढाकलावासीहरुका लागि :

- नयाँ बन्ने घरमा सवैले अनिवार्य शौचालय निर्माण गर्नुपर्नेछ । सबैले शौचालयमा मात्र दिसा पिसाव गर्नु पर्नेछ, खुला ठाउँमा दिसा पिसाब गर्न पाईने छैन ।
- प्लास्टिक जन्य फोहोरहरु (प्लास्टिकको झोला, बिस्कुट, चाउचाउ र चकलेटका खोलहरु आदि) लगायत अन्य आफ्नो घरवाट निस्कने फोहरहरुको आफैले ब्यवस्थापन गर्नु पर्नेछ, जथाभावि फाल्न पाइने छैन ।
- खानेपानीलाई सँधै छोपेर राख्ने, सधै सुरक्षीत पानीको प्रयोग गर्ने र पानी भण्डारण गर्ने टंकी, भाँडा सफा राख्ने सवैको कर्तब्य र दायित्व हुनेछ ।
- खाना खानु र खुवाउनु अघि पछि र फोहोर छोएपछी सधै सावुन पानीले हात धुने र नानीहरुलाई पनि सिकाइ यसलाई संस्कारको रुपमा लिने र दिने सवैको दायित्व हुनेछ ।
- आ–आफ्नो घर वरिपरिका सार्वजनिक स्थलहरु मठ, मन्दिर, पार्क, धारा, चौतारो, गुम्वा र वाटोघाटो आदिलाई नियमित सफा राख्न सवैले सहयोग र सहभागिता जनाउनु पर्नेछ ।

### घरधनी, जग्गाधनी, उद्योगपति, ब्यबसायी र ब्यापारीका लागि

- विभिन्न उद्देश्य र प्रयोजनकालागि भाडामा दिने घर धनी, जग्गाधनि,उद्योग ब्यवसायिहरु तथा ब्यापारीहरुले ग्राहक, सेवाग्राहि कामदार संख्याको अनुपातमा आवश्यकता अनुसार आफ्नो जग्गामा शौचालय सुविधा उपलब्ध गराउनु पर्दछ ।
- भाडामा दिएको घर, कल कारखाना, उद्योग, ब्यापार ब्यवसायबाट निस्केको सबै प्रकारका प्रदुषणजन्य र मानब स्वास्थ्यमा प्रतिकुल असर गर्ने फोहोर मैलाहरु को उचित ब्यवस्थापन गर्ने जिम्मा सम्बन्धित ब्यक्ति, संस्था र ब्यवसायीको नै हुनेछ ।

### बिद्यालयका लागि:

- प्रत्येक विद्यालयले आफ्ना विद्यालयका सबै विद्यार्थीहरुको लागि उपर्यूक्त लैङ्गिक मैत्री र प्रर्याप्त मात्रामा पानीको ब्यबस्था सहीतको शौचालयको ब्यबस्था गर्नु पर्ने छ । विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको ब्यवस्था गर्नु पर्दछ ।
- विद्यालयवाट निस्कने सबै प्रकारका फोहोरहरुको उचित ब्यवस्थपन विद्यालय स्वयंले गर्नुपर्नेछ ।
- विद्यालयले आफ्नो सेवाक्षेत्रका घर तथा समुदायहरुको नियमित अनुगमन गरि सधै खुला दिसामुक्त वातावरण कायम राख्न सहयोग गर्नु पर्नेछ ।
- विद्यालयको अतिरिक्त क्रियाकलापहरुमा सरसफाइ प्रवर्द्वन अभियानलाई प्राथमिकतामा राख्नुपर्ने छ ।

### गा.वि.स. स्थित विभिन्न संघ संस्थाहरू

- गाउस्तरीय  खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले बनाएका आचारसंहिताहरु, सरसफाइ सन्देशमुलक अभिब्यक्तिहरु सवैले देख्ने ठाउँमा राख्नु पर्दछ ।
- कार्यालयको सेवा प्रकृति अनुसार आउने सेवाग्राहिहरुको लागि संस्थाभित्र पर्याप्त पानीको सुविधा सहित शौचालयको ब्यवस्था हुनु पर्नेछ ।
- कार्यालय हाताभित्र सधैं सफा र फोहोरको उचित ब्यवस्थापन गर्नु पर्नेछ ।

### समुदायमा आधारित संघ संस्थाहरू

- महिला,सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सरसफाइ सम्बन्धी सचेतना फैलाउने काम निरन्तर गरिरहने ।
- सामुदायिक वन उपभोक्ता समुहहरुले सरसफाइ सम्बन्धी कार्यक्रमहरुमा सक्दो सहयोग गर्ने ।
- आमा समूह र स्थानिय क्लबहरु लगायत अन्य संगठनहरुले नियमित कार्यक्रमहरुमा सरसफाइको समीक्षा गर्ने ।
- राजनितिक दलहरुले सरसफाइलाइ प्राथमिकतामा राखेर कार्यकर्ताहरुलाई पनि प्रोत्साहित गर्ने ।
- सरसफाइ ट्रिगरर, च्याम्पियन र कमाण्डरहरुले आफ्नो उत्प्रेरकको भूमीका निरन्तर निर्वाह गर्ने ।

**नोटः आफ्नो टोल, वस्ती, समुदाय आदिमा निस्कने फोहोरको प्रकार अनुसारको उचित ब्यवस्थापन र नियन्त्रण गर्न सम्बन्धित सरोकारवालाहरु आफैले आवश्यक आचारसंहिता बनाई लागु गर्न सकिनेछ ।**

**घर वरिपरि खाल्टा खुल्टीमा लामखुट्टे नबसोस भनेर डिजेल अथवा मट्टितेल छर्किने ।**




GLOBAL SANITATION FUND

UN HABITAT
FOR A BETTER URBAN FUTURE

Integrated Development Society Nepal
IDS-Nepal

सफा रहौं, स्वस्थ बनौं